CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #६९

२६।६।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## चाडपर्व, जात्रा तथा उत्सव मनाउँदा पालना गर्नुपर्ने मापदण्ड

१. सबै किसिमकम चाडपर्व जात्रा मनाउँदा एउटै घरमा बसोबास गर्ने व्यक्ति बाहेक अन्यसँग भेटघाट कम गर्ने।

२. धार्मिक स्थलमा हुने भेला, कार्यक्रममा बढीमा २५ जना मात्र भेला हुने व्यवस्था गर्ने।

३. अभिवादन गर्दा भौतिक दुरी कायम गरी टाढैबाट गर्ने।

४. सतह, देविदेवताका मुर्ती र धेरै व्यक्तिले प्रयोगमा ल्याउने वस्तुहरु नछुने।

५. सार्वजनिक स्थलमा जथाभावि नथुक्ने।

६. पैसाको कारोवार गर्दा सम्भव भएसम्म विद्युतिय माध्यमको प्रयोग गर्ने।

७. उच्च जोखिम वर्गका व्यक्ति घर परिवार बाहेक बाहिरका व्यक्ति सहभागिहुने भेलामा सहभागी नहुने।

स्रोत: https://www.facebook.com/mohpnep/videos/

## कार्यक्रम आयोजना गर्दा आयोजकले व्यवस्थापन गर्नुपर्ने विषयहरु:

१. भिडभाड व्यवस्थापन गर्न स्वास्थ्य सुरक्षा मापदण्ड सहित तालिम प्राप्त कर्मचारी तथा स्वयम् सेवक परिचालन गर्ने।

२. हात धुन साबुनपानीको प्रयाप्त व्यवस्था वा सेनिटाईजरको उपलब्धता अनिवार्य मिलाउने।

३. कार्यक्रम स्थलको सरसफाई र हरेक दिन कम्तिमा २ पटक निसंक्रमिकरण गर्ने।

४. कार्यक्रमको अवधी सकेसम्म छोटो राख्ने ।

५. कार्यक्रम स्थलमा कोभिड - १९ सम्बन्धी जनचेत नामुलक सामाग्री अनिवार्य टाँस्ने।

६. भौतिक दुरी कायम गर्न सांकेतिक चिन्हको प्रयोग गर्ने ।

७. प्रवेश द्वारमा थर्मोमिटरले तापक्रम जाँच गर्ने।

८. स्थानीय तहमा रहेका स्थानीय प्रशासन, स्वास्थ्य तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी जनस्वास्थ्य मापदण्डको पालना हुने गरी उचित प्रवन्ध मिलाउने।

९. फोहोर फल्नका लागि बिर्को भएका फोहोरदानिको प्रयाप्त व्यवस्था मिलाउने।

१०. सकेसम्म प्रसाद तथा टिका वितरण नगर्ने।

# नेपाल अपडेट



कोरोना संक्रमणमुक्त भएको डिस्चार्ज प्रमाणपत्र ग्रहण गर्दै बुटवल ११ कि ११ बर्षिया बालिका

तस्विर: भवानी प्रसाद पाण्डे

### परिक्षण


पिसिआर परिक्षण: ११,९१,५१४

पोजेटिभ: १,११,८०२

उपचाररत: ३३,८८०

मृत्यु : ६४५

सन्चो भएका : ७७,२७७




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



नेपाल टेलिकमले विद्यार्थीलाई अनलाईन मार्फत पढ्नको लागि नि:शुल्क सेवा दिदैछ रे । यो भनेको के हो ?

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयको "विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७" अनुसार नेपाल टेलकमले सम्पूर्ण सरकारी तथा सामुदायिक विद्यालयका विद्यार्थी, शिक्षक तथा विद्यार्थीका परिवारका कुनै एक सदस्यलाई Closed User Group सिम नि:शुल्क उपलब्ध गराउनेछ । यसका लागि सम्बन्धित व्यक्तिले फारम भरी आफु संलग्न विद्यालयमा बुझाउनु पर्नेछ । त्यस पश्चात विद्यालयले स्थानीय तहको सिफारीस लिनु पर्दछ । यसरी सिफारीस भई आएका मोबाईल नम्बरमा माग भई आएको समय अवधी सम्मको CUG सेवा उपलब्ध हुनेछ । सो सेवा बापतको शुल्क नेपाल सरकारले व्यहोर्नेछ । विस्तृत प्रकृया बुझ्न तलको लिंक हेर्नुहोस् ।

स्रोत: https://www.ntc.net.np/post/paathshala-cug-sim-distribution



दशैंको मुखमा घर फर्किनेको भिड् बढ्न थालेको छ । गाडीमा कोचिएर घरजाँदै गर्दा कोरोनाको जोखिम बढ्ने संभावना उच्च छ । यो बेला प्रहरी प्रशासनले कस्तो योजना बनाइरहेको छ ?

सार्वजनिक सवारीका साधनमा सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड अक्षरस: पालना गराउन ट्राफिक प्रहरी प्रतिबद्ध छ । ठाउँठाउँमा स्वास्थ्य सुरक्षा सहित प्रहरी परिचालन गरेर सार्वजनिक सवारी साधनको चेकजाँच भइरहेको छ । तोकिएको भन्दा बढी यात्रु बोक्ने र भाडा बढी असुल्ने पहाडी जिल्लाहरुमा चल्ने कतिपय सवारीका साधनलाई कारवाही समेत भएको छ । एक दुई दिन भित्रमा सरोकारवाला निकायसँगको समन्वयमा विभिन्न स्थानहरुमा नागरिक सहायता कक्ष स्थापना गरी कोभिड - १९ संक्रमणको जोखिमलाई मध्यनजर राखी सचेतनामुलक कार्यक्रम र चेकजाँचमा कडाई गरिने छ ।

स्रोत: डिल्लीनारायण पाण्डे, सुचना अधिकारी तथा प्रहरी नायब उपरिक्षक, लुम्विनी प्रदेश ट्राफिक प्रहरी कार्यालय, बुटवल



सरकारले वैदेशिक रोजगारीमा जाँदा स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था खारेज गऱ्यो भन्छन् । सबै खारेज गरेको हो की, कुनैलाई मात्र हो ?

सरकारले संसोधित वैदेशिक रोजगार नियमावली २०७६ अनुसार नपुग धरौटी बापत रु. २,००,००० वैदेशिक रोजगार विभागमा जम्मा गर्नुपर्ने भनेको थियो । तोकिएको समयावधी भित्र धरौटी बापतको रकम नबुझाएका ३५ वटा स्वास्थ्य संस्थाहरुको सूचिकरण खारेज गर्ने निर्णय सरकारले गरेको हो । खारेजिमा परेका स्वास्थ्य संस्थाहरुको नाम र ठेगाना सहितको सूचि तलको लिंकमा हेर्न सकिन्छ ।

स्रोत: https://moless.gov.np/wp-content/uploads/2020/10/kanun.pdf



अब विद्युतीय माध्यमबाट राजस्व तिर्दा सेवा शुल्क नलाग्ने हो ?

विद्युतिय माध्यम (वालेट) बाट सरकारी राजश्व तिर्दा शुल्क नलाग्ने भएको छ । नेपाल राष्ट्र बैंकले भुक्तानी सेवा प्रदायकहरुलाई सरकारी राजश्व वालेटबाट तिर्दा कुनै पनि अतिरिक्त शुल्क नलिन निर्देशन दिएको हो । राष्ट्र बैंकका अनुसार आगामी पुस मसान्तसम्म सरकारी राजश्व तिर्दा थप शुल्क लाग्ने छैन । कोरोना महामारीको समयमा सरकारी राजश्व तिर्न सहज होस भन्नका लागि यो योजना ल्याईएको हो ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2020/10/IMG_20201009_0003.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,३९,२६७ संक्रमित | १,११,११६ संक्रमित | ७५,६१४ संक्रमित | १,२७,९८५ संक्रमित | १,०६,२२९ संक्रमित | १,०५,८९० संक्रमित | १५,६५७ संक्रमित | २४,७०३ संक्रमित |
| ४,१०७ नेपाली संक्रमित | १,७३५ नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २४,३०४ नेपाली संक्रमित | २,४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २ नेपाली संक्रमित |
| ५२ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३७ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |




स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## खाडिका देशमा फेरी लकडाउन हुँदै

### ओमन

ओमनमा फेरी पनि लकडाउन गरिने भएको छ । राती ८ बजे देखी बिहान ६ बजे सम्म गरिने लगाडाउनमा हिड्डुल पनि निषेध गरिएको छ । लकडाउन २४ अक्टोबर २०२० सम्मको लागि तय गरिएको छ ।

### यूएई

यूएईमा १ मार्च २०२० देखी १२ जुलाई २०२० सम्म म्याद सकिएका भिषाहरुको लागि दिईएको ग्रेस पिरियड सकीएको छ । यस अवधीमा भिषा रिन्यू नगर्नुभएका या नयाँ भिषा नलगाउनुभएकाहरुका लागी सुरुको दिन १२५ दिहराम र बाँकी दिन २५ दिहरामको हिसाबले जरिवाना लाग्नेछ । यो व्यवस्था अक्टोबर ११ देखी लागु हुनेछ ।

### कुवेत

कुवेतमा घरमा चोरी गरेको आरोपमा अदालतमा मुद्दा परेका ५ जना घरेलु कामदार महिला (एसियन भनिएको छ - देश खुलाईएको छैन । जसलाई लगभग ४२ लाख नेपाली रुपैयाँ चोरी गरेको आरोप लागेको थियो) लाई त्यहाँको अदालतले निर्दोश भएको साबित गरेको छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## प्रधानमन्त्री कोरोना राहत कोषमा योगदान गर्ने योगदानकर्ताहरू

| | |
|---|---|
| सरकार तथा त्यस अन्तरगतका निकायहरू | रु. १,८४,७५,०४,२७३.६५ |
| व्यक्ति/निजी सँस्थाहरू (रु १ लाख भन्दा बढीको योगदान) | रु. २७,४७,६९,५६७.९६ |
| व्यक्ति/निजी सँस्थाहरू (रु १ लाख भन्दा कमको योगदान) | रु. १७,२६,४१,६२०.२८ |
| विद्यालयहरू | रु. १२,२८,३६९.३५ |
| बैंक तथा वित्तिय सँस्थाहरू | रु. ३८,३१,३२,२८८।९२ |
| लघु वित्तहरू | रु. १,४६,६७,२०६ |
| गैह्र सरकारी सँस्थाहरू | रु. ५,८१,०१,२४९.८९ |
| ट्रेड युनियनहरू | रु. ८१,५३,२२२.५१ |
| विश्वविद्यालय तथा क्याम्पसहरू | रु. ५६,८०,२५५.५१ |
| सहकारी संगठनहरू | रु. ३०,४९,४५०.०० |

प्रधानमन्त्री कोरोना राहत कोषमा जनताको सहयोगबाट २ अर्ब ७६ करोड रकम जम्मा भएको छ । विभिन्न मन्त्रालय, सरकारी स्वामित्वका व्यवसाय, जिल्ला स्थीत सरकारी कार्यालयहरू र केही सरकारी कर्मचारी जस्ता सरकारी निकायको योगदान ६७% रहेको छ । रु. १ लाख भन्दा बढी योगदान गर्ने व्यक्ति तथा निजी सँस्थाको योगदान कुल योगदानको १०% रहेको छ । समग्रमा व्यक्ति तथा निजी सँस्थाको योगदान कुल योगदानको १६% रहेको छ । अपेक्षकृत रुपमा सरकारी स्वामित्वमा रहेका र अन्य बैंक तथा वित्तियसँस्थाहरूको योगदान १४% रहेको छ । अन्य क्षेत्रहरू जस्तैः गैह्र सरकारी सँस्थाहरू, ट्रेड युनियनहरू, विश्वविद्यालय तथा क्याम्पसहरूको योगदान कोषमा जम्मा भएको जम्मा रकमको तुलनामा एकदम थोरै छ, तर अहिलेको महामारीको अवस्थामा त्यो सहयोगले पनि ठुलो अर्थ राख्दछ । यो भन्न सकिन्छ की, योगदानको ठुलो रकम सरकारी कोषबाट जम्मा भएको छ । यो पनि याद गर्न जरुरी छ की, सरकारी कर्मचारी र सांसदहरूको तलब तथा सेवा सुविधाको रकम समेतको योगदान यो कोषमा जम्मा भएको छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# कसरी सरकारको भर पर्नु ?



विश्व महामारी सुरु भएसँगै हजारौंको संख्यामा नेपाली भारतका विभिन्न शहरबाट सवदेश पर्किए । तिनै नेपाली बेरोजगारीका कारण परिवारको भोक मेटाउन फेरी जोखिम मोलेर उतै फर्किदैछन् । नेपालगञ्जको जमुनाहा नाकामा दैनिक देखिने सयौंको लाईन यसको ज्वलन्त उदाहरण हो । यही लाईनमा छन् कैलालीका रमेश थापा मगर । उनी लामो समय देखी भारतको पुना स्थीत एक होटलमा काम गरिरहेका थिए । कोरोनाको महामारी सुरु भए पछी, अरुलाई जस्तै उनलाई पनि डर लाग्यो । परिवार सम्झिए । बाँचे फेरी कामाईएला भनेर घर फर्किए । उनले अवस्था चाँडै सामान्य होला सोचेका थिए । तर, उनले सोचे जस्तो भएन । घरमा बसेर परिवारका लागि साँझ बिहानको खानाको जोहो गर्न मुस्किल पऱ्यो । अरु कुनै विकल्प नभेटेपछी फेरी भारत पस्ने योजना बनाए र दुईचार जोर कपडा झोलामा कोचेर महामारीकै बिचमा परिवारसँग बिदा भए ।

उनी बिहानै नेपालगञ्जको जमुनाहा नाकाकमा लाममा लागे, तर उनिसँग भारतिय आधारकार्ड नभएका कारण सिमा पार गर्ने पास पाएनन् । उनले अर्को युक्ति निकाले । सिमलाका व्यापारीले समुहमा नेपाली कामदार लैजान सिफारिस बनाईदिने र पारी पुगेपछि गाडिको समेत व्यवस्था गरेका हुन्छन् । अब उनी त्यही हुलमा मिसिने भए । उनलाई जसरी पनि सिमापार गर्नु छ । उनलाई नै थाहा छैन, अब उनी सिमला पुग्छन् या पुरानो काम गर्ने ठाउँ पुना नै पुग्छन् । उनलाई यो पनि पर्वाह छैन कि, त्यहाँको अवस्था कस्तो छ । मात्र उनलाई परिवारको पेट भर्ने उपाय चाहिएको छ ।



*दाई इन्डिया जान लाग्नु भाको हो ?*

*हो भाई ।*

*यस्तो महामारी किन जान लाग्नुभो ?*

*के गर्नु भाई, परिवार पाल्नै पऱ्यो ।*

*यतै केही गर्दा हुदैन ?*


*कहाँ के गर्ने भाई ? तिमिले जागिर दिन्छौ र ? भाई, सरकार हाम्रो लागि होइन । जसको पहुँच छ, उसकै मात्र हो । सरकारले पैसा दिएर मेरो परिवार पालोस भन्या होइन । मलाई काम देउ भन्दा म एक जनालाई त रोजगारी दिन सकेन, यहाँ म जस्ता हजारौं छन । कसरी सरकारको भर पर्नु ? सरकारको आशा गरेर घरमा केहि नगरेर परिवारलाई भोकै मार्नु भन्दा, आफु मरेर परिवार पाल्छु । बाच्ने रहर सबैलाई छ । मलाई पनि छ । तर, मेरो रहर भन्दा मेरो परिवारको भोक हजार गुणा महत्वपूर्ण छ ।*

सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको बेपर्वाह गरी फेरी उनी हुलमा मिसिए । थाहा छैन, उनी सिमापार गर्न सफल भए या भएनन् । तर, यो पक्का छ कि, अहिलेको अवस्थामा उनको लागि रोग भन्दा भोक ठुलो हो।

सही सूचना

# बाहिर आउजाउ गरिरहनुपर्ने जनसंख्या कोभिड - १९ बाट बढी जोखिममा

## नेपालमा कोभिड - १९ बाट संक्रमितको उमेर र लैंगिक आधारमा वर्गिकरण





माथिको तथ्यांकले नेपालमा कोभिड - १९ बाट संक्रमितको उमेर र लैंगिकतामा आधारित वर्गिकरणलाई देखाउँछ । यसले सबै भन्दा धेरै संक्रमितहरु २० देखी ४० वर्ष उमेर समुहका व्यक्ति रहेको देखाउँछ । सबै उमेर समुहमा संक्रमित हुने महिलाको संख्या संक्रमित पुरुषको संख्या भन्दा लगभग आधा जती छ । यसको मतलव नेपालमा आर्थिक रुपमा सकृय र बाहिर आउजाउ गरिरहनुपर्ने जनसंख्या कोभिड - १९ बाट बढी जोखिममा रहेको देखिन्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs